# मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं २६ निवासी मिलन सार्की, अन्जु सार्की र गुन्ज बहादुर सार्कीको द.नं. ६७०० मिति २०८२/१/२ को नामसारी माग निवेदनमा टेक बहादुरकी बुहारी गणेश बहादुरकी श्रीमती लक्ष्मीमा सार्कीका नाममा दर्ता कायम अर्घौं ९ कि.नं ११११६ क्षे.फ ०-७-०-०, ऐ कि.नं १११८ क्षे.फ ०-४-०-० र ऐ कि.नं ११२० क्षे.फ ०-५-०-० जग्गाका हकवाला श्रीमान गणेश बहादुर सार्की, जेठो छोरा बल बहादुर सार्कीको मृत्यु भएको बल बहादुरका दुईवटी श्रीमती मध्ये कान्छी अन्जु सार्की निवेदक भएको र जेठी श्रीमती अन्जु सार्की (नाम दुवैको एउटै) कोहलपुर बाँके ४ बस्ने ललित बहादुर मल्ल ठकुरी संग पुन विवाह गरी गएकाले उक्त जग्गाका हकवाला हामीहरु मात्र हौं भनि जग्गाधनीको कान्छा छोरा गुन्ज बहादुर सार्की , जेठो छोराको कान्छी श्रीमती अन्जु सार्की र नाती (जेठी बुहारी पट्टिका एकमात्र सन्तान) मिलन सार्की मात्र भएको हुँदा संयुक्त नामसारी गरिपाऊँ भनि माग भएकाले माग बमोजिम नामसारी गर्न नहुने कुनै कारण भएमा वा तपसिलका जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

इति सम्वत् २०८२ साल वैशाख महिनाको ३ गते रोज ४ शुभम्